संघीय संसद

राष्ट्रिय सभा

चौधौं अधिवेशन

बैठक-२७

सूचनापत्र-२

(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : १०:०१ बजे*

*बैठक स्थगित : ४:२२ बजे*

२०८० असार २८ गते, बिहीबार

संघीय संसद, राष्ट्रिय सभाको चौधौं अधिवेशनको सत्ताइसौं बैठक सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा बिहान १०:०१ बजे प्रारम्भ भयो।

सर्वप्रथम, सम्माननीय अध्यक्षले शून्य समयमा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउनुहुँदै देहाय बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो:

**माननीय अनिता देवकोटा**ले डेङ्गो प्रभावित क्षेत्रको तथ्याङ्क संकलन गर्दा सरकारले दाङ जिल्लालाई समावेश नगरेकाले समावेश गर्न र आवश्यक कार्यक्रम सञ्चालन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय इन्दु कडरिया**ले स्वास्थ्य संस्थामा जनशक्ति र स्वास्थ्य क्षेत्रमा उपकरणहरूको कमी रहेको बताउनुहुँदै सरकारको नर्सिङ कलेजले सय सैय्याको अस्पताल बनाउनु पर्ने निर्णयले कतिपय नर्सिङ कलेज बन्द हुने हुन कि भनेर चिन्ता व्यक्त गर्नुभयो।

**माननीय कुमार दसौदी**ले मूल्य बृद्धि नियन्त्रणका लागि सरकारले कार्य गर्न नसकेको र नेपाल सरकार मातहत रहेको नेपाल आयल निगममा स्वचालित मूल्य प्रणाली कायम गर्नका लागि सरकार समक्ष माग गर्नुभयो।

**माननीय खिमलाल देवकोटा**ले संविधानले प्राकृतिक स्रोतका सम्बन्धमा स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार प्रदान गरेको तर अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनामा स्थानीय तहका विकास निर्माणका काममा व्यवधान गरेको गुनासो रहेको र वन तथा भूसंरक्षण विभागले अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना स्थानीय तहलाई हस्तान्तरण गर्ने निर्णय गरेको भएपनि हालसम्म कार्यान्वयन हुन नसकेको बताउनुभयो।

**माननीय दिपा गुरुङ**ले वर्षाको कारण देशका विभिन्न ठाउँमा बाढी पहिरोका कारण धनजनको क्षति भएको छ । बाढी पहिरो प्रभावितको उचित व्यवस्थापनका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय दिल कुमारी रावल थापा (पार्वती)**ले हुम्लाको सदरमुकाम यस वर्ष पनि सडक सञ्जालमा नजोडिएको र आगामी वर्ष उक्त सदरमुकाममा सडकको पहुँच पुऱ्याउन पर्याप्त वजेट विनियोजन गरीयोस् भनी सरकार समक्ष माग गर्नुभयो। सडक निर्माणमा खटिएका नेपाली सेना र स्थानीय श्रमिकहरूलाई उच्च मनोवलका साथ काम गर्ने वातावरण बनाउन सरकारको ध्यानाकर्षण गर्नुभयो।

**माननीय भैरव सुन्दर श्रेष्ठ**ले जाजरकोट जिल्लाको नलसिङगाड हाइड्रोपावरको पहुँच मार्गको रुपमा बनिरहेको मोटरेवल पुल २०७२ सालमा ठेक्का सम्झौता भई २०७४ सालसम्ममा बनिसक्नुपर्ने तर हालसम्म पनि सम्पन्न हुन नसक्दा आवतजावतमा समस्या भएको र ठेक्का सम्झौता गर्ने कम्पनीले नै मन्त्रालयविरुद्ध

मुद्दा लगाएको भन्ने हल्ला पनि सुनिएकोले यस विषयमा सत्य तथ्य के हो सम्बन्धित मन्त्रालयले प्रष्ट पार्न माग गर्नुभयो।

**माननीय महेश कुमार महरा**ले २०७७ साल साउन महिनाको अविरल वर्षाको कारण डडेलधुरा जिल्लाको आलिताल गाउँपालिकाको वडा नं. ७ मा पर्ने बलौचा, ओभा र खिन्नेबाडीका गाउँहरू भासिएर ४५ घरहरू विस्थापित भएको र हालसम्म पनि विस्थापित अवस्थामा नै रहेकोले यो समस्याको समाधानका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सिंग बहादुर विश्वकर्मा**ले खेतीको समय रहेको तर मल समयमा नपाउँदा किसानहरूलाई समस्या भएको बताउनुहुँदै उक्त समस्या समाधानका लागि सम्बन्धित मन्त्रालय र निकायको ध्यानाकर्षण गराउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त **विनियोजन विधेयक, २०८०** अन्तर्गत विभिन्न निकायहरूसँग सम्बन्धित विनियोजन शीर्षकहरूमाथिको छलफलका क्रममा उठेका प्रश्नहरूको सम्बन्धित मन्त्रीले जवाफ दिने क्रम प्रारम्भ भएको जानकारी गराउनुहुँदै माननीय परराष्ट्र मन्त्री नारायण प्रकाश साउदलाई समय उपलब्ध गराउनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय परराष्ट्र मन्त्रीले दिनुभएको जवाफका सम्बन्धमा स्पष्टिकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुहुँदा देहाय बमोजिमका माननीय सदस्यहरूले स्पष्टिकरण माग गर्नुभयो:

१. मा. डा. बिमला राई पौडयाल
२. मा. खिमलाल देवकोटा

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय सदस्यहरूले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न **माननीय परराष्ट्र मन्त्री नारायण प्रकाश साउद**लाई समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले प्रष्ट पार्नुभयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले **परराष्ट्र मन्त्रालय** सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल समाप्त भएको घोषणा गर्नुभयो ।

त्यसपछि, सम्माननीय अध्यक्षले **माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री मोहनबहादुर बस्नेत**लाई **स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय** सम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले जवाफ दिनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रीले दिनुभएको जवाफका सम्बन्धमा स्पष्टिकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुहुँदा देहाय बमोजिमका माननीय सदस्यहरूले स्पष्टिकरण माग गर्नुभयो:

१. मा. दिल कुमारी रावल थापा (पार्वती)
२. मा. खिमलाल देवकोटा
३. मा. गोमा देवी तिमिल्सिना

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय सदस्यहरूले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न **माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री मोहनबहादुर बस्नेत**लाई समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले प्रष्ट पार्नुभयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले **स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय** सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल समाप्त भएको घोषणा गर्नुभयो ।

त्यसपछि, सम्माननीय अध्यक्षले **माननीय वन तथा वातावरण मन्त्री वीरेन्द्र प्रसाद महतो**लाई **वन तथा वातावरण मन्त्रालय** सम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले जवाफ दिनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय वन तथा वातावरण मन्त्रीले दिनुभएको जवाफका सम्बन्धमा स्पष्टिकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुहुँदा देहाय बमोजिमका माननीय सदस्यहरूले स्पष्टिकरण माग गर्नुभयो:

१. मा. इन्दिरा देवी गौतम
२. मा. खिमलाल देवकोटा

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय सदस्यहरूले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न **माननीय वन तथा वातावरण मन्त्री वीरेन्द्र प्रसाद महतो**लाई समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले प्रष्ट पार्नुभयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले **वन तथा वातावरण मन्त्रालय** सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल समाप्त भएको घोषणा गर्नुभयो ।

त्यसपछि, सम्माननीय अध्यक्षले **माननीय महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री सुरेन्द्रराज आचार्य**लाई **महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय** सम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले जवाफ दिनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रीले दिनुभएको जवाफका सम्बन्धमा स्पष्टिकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुहुँदा देहाय बमोजिमका माननीय सदस्यहरूले स्पष्टिकरण माग गर्नुभयो:

१. मा. भगवती न्यौपाने
२. मा. खिमलाल देवकोटा

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय सदस्यहरूले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न **माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री सुरेन्द्रराज आचार्य**लाई समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले प्रष्ट पार्नुभयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले **महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय** सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल समाप्त भएको घोषणा गर्नुभयो ।

त्यसपछि, सम्माननीय अध्यक्षले **माननीय युवा तथा खेलकुद मन्त्री डिग बहादुर लिम्बुलाई युवा तथा खेलकुद मन्त्रालय** सम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले जवाफ दिनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय युवा तथा खेलकुद मन्त्रीले दिनुभएको जवाफका सम्बन्धमा स्पष्टिकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुहुँदा देहाय बमोजिमका माननीय सदस्यहरूले स्पष्टिकरण माग गर्नुभयोः

१. मा. सोनाम गेल्जेन शेर्पा
२. मा. खिमलाल देवकोटा

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय सदस्यहरूले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न **माननीय युवा तथा खेलकुद मन्त्री डिग बहादुर लिम्बु**लाई समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले प्रष्ट पार्नुभयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले **युवा तथा खेलकुद मन्त्रालय** सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल समाप्त भएको घोषणा गर्नुभयो ।

त्यसपछि, सम्माननीय अध्यक्षले **माननीय सहरी विकास मन्त्री सिता गुरुङ**लाई **सहरी विकास मन्त्रालय** सम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले जवाफ दिनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय सहरी विकास मन्त्रीले दिनुभएको जवाफका सम्बन्धमा स्पष्टिकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुहुँदा देहाय बमोजिमका माननीय सदस्यहरूले स्पष्टिकरण माग गर्नुभयोः

१. मा. खिमलाल देवकोटा
२. मा. सुमित्रा बि.सी.

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय सदस्यहरूले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न **माननीय सहरी विकास मन्त्री सिता गुरुङ**लाई समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले प्रष्ट पार्नुभयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले **सहरी विकास मन्त्रालय** सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल समाप्त भएको घोषणा गर्नुभयो ।

त्यसपछि, सम्माननीय अध्यक्षले **माननीय उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्री रमेश रिजाल**लाई **उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय** सम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले जवाफ दिनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय माननीय उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रीले दिनुभएको जवाफका सम्बन्धमा स्पष्टिकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुहुँदा देहाय बमोजिमका माननीय सुमित्रा बि.सी. ले स्पष्टिकरण माग गर्नुभयो ।

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय सदस्यले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न **माननीय उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्री रमेश रिजाल**लाई समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले प्रष्ट पार्नुभयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले **उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय** सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल समाप्त भएको घोषणा गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री रञ्जिता श्रेष्ठ**लाई **भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय** सम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले जवाफ दिनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रीले दिनुभएको जवाफका सम्बन्धमा स्पष्टिकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुहुँदा देहाय बमोजिमका माननीय सदस्यहरूले स्पष्टिकरण माग गर्नुभयोः

१. मा. गोपाल भट्टराई
२. मा. खिमलाल देवकोटा
३. मा. शारदा देवी भट्ट

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय सदस्यहरूले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न **माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री रञ्जिता श्रेष्ठ**लाई समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले प्रष्ट पार्नुभयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले **भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय** सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल समाप्त भएको घोषणा गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वाला**लाई **भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय** सम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले जवाफ दिनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्रीले दिनुभएको जवाफका सम्बन्धमा स्पष्टिकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुहुँदा देहाय बमोजिमका माननीय सदस्यहरूले स्पष्टिकरण माग गर्नुभयोः

१. मा. रामचन्द्र राई
२. मा. खिमलाल देवकोटा
३. मा. भैरव सुन्दर श्रेष्ठ

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय सदस्यहरूले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न **माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वाला**लाई समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले प्रष्ट पार्नुभयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले **भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय** सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल समाप्त भएको घोषणा गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री अमनलाल मोदी**लाई **संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय** सम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले जवाफ दिनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रीले दिनुभएको जवाफका सम्बन्धमा स्पष्टिकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुहुँदा देहाय बमोजिमका माननीय सदस्यहरूले स्पष्टिकरण माग गर्नुभयो:

१. मा. शारदा देवी भट्ट
२. मा. खिमलाल देवकोटा

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय सदस्यहरूले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न **माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री अमनलाल मोदी**लाई समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले प्रष्ट पार्नुभयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले **संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय** सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल समाप्त भएको घोषणा गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किराती**लाई **संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय** सम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले जवाफ दिनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीले दिनुभएको जवाफका सम्बन्धमा स्पष्टिकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुहुँदा देहाय बमोजिमका माननीय सदस्यहरूले स्पष्टिकरण माग गर्नुभयो:

१. मा. कुमार दसौदी
२. मा. खिमलाल देवकोटा
३. मा. शारदा देवी भट्ट
४. मा. उदय बहादुर बोहरा

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय सदस्यहरूले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न **माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किराती**लाई समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले प्रष्ट पार्नुभयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले **संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय** सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल समाप्त भएको घोषणा गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्मा**लाई **सञ्चार तथा सूचना प्रविधि मन्त्रालय** सम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले जवाफ दिनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्रीले दिनुभएको जवाफका सम्बन्धमा स्पष्टिकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुहुँदा कुनैपनि माननीय सदस्यहरूले स्पष्टीकरण माग गर्नुभएन।

तदुपरान्त, सम्माननीय अध्यक्षले **सञ्चार तथा सूचना प्रविधि मन्त्रालय** सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल समाप्त भएको घोषणा गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **माननीय ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्री शक्तिबहादुर बस्नेत**लाई **ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय** सम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले जवाफ दिनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रीले दिनुभएको जवाफका सम्बन्धमा स्पष्टिकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुहुँदा देहाय बमोजिमका माननीय सदस्यहरूले स्पष्टिकरण माग गर्नुभयोः

१. मा. दिल कुमारी रावल थापा (पार्वती)
२. मा. भैरव सुन्दर श्रेष्ठ
३. मा. विमला घिमिरे
४. मा. खिमलाल देवकोटा
५. मा. जितेन्द्र नारायण देव

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय सदस्यहरूले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न **माननीय ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्री शक्तिबहादुर बस्नेत**लाई समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले प्रष्ट पार्नुभयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले **ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय** सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल समाप्त भएको घोषणा गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **माननीय अर्थ मन्त्री प्रकाशशरण महत**लाई **अर्थ मन्त्रालय** सम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले जवाफ दिनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रीले दिनुभएको जवाफका सम्बन्धमा स्पष्टिकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुहुँदा देहाय बमोजिमका माननीय सदस्यहरूले स्पष्टिकरण माग गर्नुभयोः

१. मा. खिमलाल देवकोटा
२. मा. डा. विमला राई पौड्याल
३. मा. दिल कुमारी रावल थापा (पार्वती)

४. मा. भैरव सुन्दर श्रेष्ठ
५. मा. कुमार दसौदी
६. मा. इन्दु कडरिया

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय सदस्यहरूले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न **माननीय अर्थ मन्त्री प्रकाशशरण महत**लाई समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले प्रष्ट पार्नुभयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले **अर्थ मन्त्रालय** सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल समाप्त भएको घोषणा गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **माननीय खानेपानी मन्त्री महिन्द्र राय यादव**लाई **खानेपानी मन्त्रालय** सम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले जवाफ दिनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय खानेपानी मन्त्रीले दिनुभएको जवाफका सम्बन्धमा स्पष्टिकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुहुँदा देहाय बमोजिमका माननीय सदस्यहरूले स्पष्टिकरण माग गर्नुभयोः

१. मा. विमला घिमिरे
२. मा. खिमलाल देवकोटा
३. मा. दिल कुमारी रावल थापा (पार्वती)

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय सदस्यहरूले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न **माननीय खानेपानी मन्त्री महिन्द्र राय यादव**लाई समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले प्रष्ट पार्नुभयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले **खानेपानी मन्त्रालय** सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल समाप्त भएको घोषणा गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारी**लाई **श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय** सम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले जवाफ दिनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीले दिनुभएको जवाफका सम्बन्धमा स्पष्टिकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुहुँदा माननीय तुलसा कुमारी दाहालले स्पष्टिकरण माग गर्नुभयो ।

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय सदस्यले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न **माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारी**लाई समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले प्रष्ट पार्नुभयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले **श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय** सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल समाप्त भएको घोषणा गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री अशोककुमार राई**लाई **शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय** सम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले जवाफ दिनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीले दिनुभएको जवाफका सम्बन्धमा स्पष्टिकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुहुँदा देहाय बमोजिमका माननीय सदस्यहरूले स्पष्टिकरण माग गर्नुभयो:

१. मा. दिल कुमारी रावल थापा (पार्वती)
२. मा. भैरव सुन्दर श्रेष्ठ
३. मा. इन्दु कडरिया
४. मा. डा. विमला राई पौड्याल

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय सदस्यहरूले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न **माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री अशोककुमार राई**लाई समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले प्रष्ट पार्नुभयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले **शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय** सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल समाप्त भएको घोषणा गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङ**लाई **कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय** सम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले जवाफ दिनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्रीले दिनुभएको जवाफका सम्बन्धमा स्पष्टिकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुहुँदा देहाय बमोजिमका माननीय सदस्यहरूले स्पष्टिकरण माग गर्नुभयो:

१. मा. भगवती न्यौपाने
२. मा. दिल कुमारी रावल थापा (पार्वती)

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय सदस्यहरूले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न **माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङ**लाई समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले प्रष्ट पार्नुभयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले **माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय** सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल समाप्त भएको घोषणा गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा. बेदुराम भुसाल**लाई **कृषि तथा पशुपन्छी विकास मन्त्रालय** सम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले जवाफ दिनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय कृषि तथा पशुपन्छी विकास मन्त्रीले दिनुभएको जवाफका सम्बन्धमा स्पष्टिकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुहुँदा देहाय बमोजिमका माननीय सदस्यहरूले स्पष्टिकरण माग गर्नुभयोः

१. मा. कुमार दसौदी
२. मा. गोपाल कुमार बस्नेत
३. मा. दिल कुमारी रावल थापा (पार्वती)

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय सदस्यहरूले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न **माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा. बेदुराम भुसाल**लाई समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले प्रष्ट पार्नुभयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले **माननीय कृषि तथा पशुपन्छी विकास मन्त्रालय** सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल समाप्त भएको घोषणा गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **माननीय उपप्रधानमन्त्री तथा गृह मन्त्री नारायणकाजी श्रेष्ठ**लाई **गृह मन्त्रालय** सम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले जवाफ दिनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय उपप्रधानमन्त्री तथा गृह मन्त्रीले दिनुभएको जवाफका सम्बन्धमा स्पष्टिकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुहुँदा माननीय दिल कुमारी रावल थापा (पार्वती)ले स्पष्टिकरण माग गर्नुभयोः

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय सदस्यले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न **माननीय उपप्रधानमन्त्री तथा गृह मन्त्री नारायणकाजी श्रेष्ठ**लाई समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले प्रष्ट पार्नुभयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले **माननीय गृह मन्त्रालय** सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल समाप्त भएको घोषणा गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्री पूर्णबहादुर खड्का**लाई **रक्षा मन्त्रालय सहित सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) को तर्फबाट राष्ट्रिय योजना आयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, उपराष्ट्रपतिको कार्यालय र राष्ट्रपतिको कार्यालय** सम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले जवाफ दिनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्रीले दिनुभएको जवाफका सम्बन्धमा स्पष्टिकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुहुँदा देहाय बमोजिमका माननीय सदस्यहरूले स्पष्टिकरण माग गर्नुभयोः

१. मा. खिमलाल देवकोटा
२. मा. डा. विमला राई पौडयाल
३. मा. दिल कुमारी रावल थापा (पार्वती)

४. मा. भैरव सुन्दर श्रेष्ठ

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय सदस्यहरूले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न **माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्री पूर्ण बहादुर खड्का**लाई समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले प्रष्ट पार्नुभयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले **रक्षा मन्त्रालय, राष्ट्रिय योजना आयोग**, **प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**, **उपराष्ट्रपतिको कार्यालय र राष्ट्रपतिको कार्यालय** सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल समाप्त भएको घोषणा गर्नुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **"विनियोजन विधेयक**, **२०८०"** अन्तर्गत मन्त्रालयगत विभिन्न शीर्षकहरुमाथिको छलफल यहीं समाप्त भएको घोषणा गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **"विनियोजन विधेयक**, **२०८०"** अन्तर्गत मन्त्रालयगत विभिन्न शीर्षकहरुमाथि माननीय सदस्यहरुले राख्नुभएको खर्च कटौतीका प्रस्तावहरुलाई क्रमशः निर्णयार्थ प्रस्तुत प्रस्तुत गर्नुभयो।

तत्पश्चात, सम्माननीय अध्यक्षले **माननीय इन्दिरा देवी गौतम**द्वारा प्रस्तुत विनियोजन विधेयक, २०८० अन्तर्गत **"वन तथा वातावरण मन्त्रालय शीर्षकको खर्च रकमलाई घटाई एक रुपैयाँ कायम गरियोस्"** भनी राख्नु भएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन चाहेमा समय उपलब्ध गराउनुहुँदा माननीय सदस्यले उक्त प्रस्ताव फिर्ता लिनुभएन। उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा सभाबाट बहुमतले अस्वीकृत भयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले **माननीय भगवती न्यौपाने**द्वारा प्रस्तुत विनियोजन विधेयक, २०८० अन्तर्गत **"महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय शीर्षकको खर्च रकमलाई घटाई एक रुपैयाँ कायम गरियोस्"** भनी राख्नु भएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन चाहेमा समय उपलब्ध गराउनुहुँदा माननीय सदस्यले उक्त प्रस्ताव फिर्ता लिनुभएन। उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा सभाबाट बहुमतले अस्वीकृत भयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **माननीय सोनाम गेल्जेन शेर्पा**द्वारा प्रस्तुत विनियोजन विधेयक, २०८० अन्तर्गत **"युवा तथा खेलकुद मन्त्रालय र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय शीर्षकको खर्च रकमलाई घटाई एक रुपैयाँ कायम गरियोस्"** भनी राख्नु भएको खर्च कटौतीका प्रस्तावहरू फिर्ता लिन चाहेमा समय उपलब्ध गराउनुहुँदा माननीय सदस्यले उक्त प्रस्ताव फिर्ता लिनुभएन। उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा सभाबाट बहुमतले अस्वीकृत भयो।

तत्पश्चात, सम्माननीय अध्यक्षले **माननीय सुमित्रा बि.सी.**द्वारा प्रस्तुत विनियोजन विधेयक, २०८० अन्तर्गत **"सहरी विकास मन्त्रालय शीर्षकको खर्च रकमलाई घटाई एक रुपैयाँ कायम गरियोस्"** भनी राख्नु भएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन चाहेमा समय उपलब्ध गराउनुहुँदा माननीय सदस्यले उक्त प्रस्ताव फिर्ता लिनुभएन। उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा सभाबाट बहुमतले अस्वीकृत भयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले **माननीय नरपति लुवारको तर्फबाट सुमित्रा बि.सी**द्वारा प्रस्तुत विनियोजन विधेयक, २०८० अन्तर्गत **"उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय शीर्षकको खर्च रकमलाई घटाई एक रुपैयाँ कायम गरियोस्"** भनी राख्नु भएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन चाहेमा समय

उपलब्ध गराउनुहुँदा माननीय सदस्यले उक्त प्रस्ताव फिर्ता लिनुभएन। उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा सभाबाट बहुमतले अस्वीकृत भयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **माननीय गोपाल भट्टराई**द्वारा प्रस्तुत विनियोजन विधेयक, २०८० अन्तर्गत **"भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय शीर्षकको खर्च रकमलाई घटाई एक रुपैयाँ कायम गरियोस्"** भनी राखु भएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन चाहेमा समय उपलब्ध गराउनुहुँदा माननीय सदस्यले उक्त प्रस्ताव फिर्ता लिनुभएन। उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा सभाबाट बहुमतले अस्वीकृत भयो।

तत्पश्चात, सम्माननीय अध्यक्षले **माननीय रामचन्द्र राई**द्वारा प्रस्तुत विनियोजन विधेयक, २०८० अन्तर्गत **"भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र सञ्चार तथा सूचना प्रविधि मन्त्रालय शीर्षकको खर्च रकमलाई घटाई एक रुपैयाँ कायम गरियोस्"** भनी राखु भएको खर्च कटौतीका प्रस्तावहरू फिर्ता लिन चाहेमा समय उपलब्ध गराउनुहुँदा माननीय सदस्यले उक्त प्रस्ताव फिर्ता लिनुभएन। उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा सभाबाट बहुमतले अस्वीकृत भयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले **माननीय शारदा देवी भट्ट** द्वारा प्रस्तुत विनियोजन विधेयक, २०८० अन्तर्गत **"संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय शीर्षकको खर्च रकमलाई घटाई एक रुपैयाँ कायम गरियोस्"** भनी राखु भएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन चाहेमा समय उपलब्ध गराउनुहुँदा माननीय सदस्यले उक्त प्रस्ताव फिर्ता लिनुभएन। उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा सभाबाट बहुमतले अस्वीकृत भयो।

तत्पश्चात, सम्माननीय अध्यक्षले **माननीय दिल कुमारी रावल थापा (पार्वती)**द्वारा प्रस्तुत विनियोजन विधेयक, २०८० अन्तर्गत **"स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र गृह मन्त्रालय शीर्षकको खर्च रकमलाई घटाई एक रुपैयाँ कायम गरियोस्"** भनी राखु भएको खर्च कटौतीका प्रस्तावहरू फिर्ता लिन चाहेमा समय उपलब्ध गराउनुहुँदा माननीय सदस्यले उक्त प्रस्ताव फिर्ता लिनुभएन। उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा सभाबाट बहुमतले अस्वीकृत भयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **माननीय भैरव सुन्दर श्रेष्ठ**द्वारा प्रस्तुत विनियोजन विधेयक, २०८० अन्तर्गत **"उर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय, राष्ट्रिय योजना आयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, उपराष्ट्रपतिको कार्यालय र राष्ट्रपतिको कार्यालय शीर्षकको खर्च रकमलाई घटाई एक रुपैयाँ कायम गरियोस्"** भनी राखु भएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन चाहेमा समय उपलब्ध गराउनुहुँदा माननीय सदस्यले उक्त प्रस्ताव फिर्ता लिनुभएन। उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा सभाबाट बहुमतले अस्वीकृत भयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले **माननीय विमला घिमिरे**द्वारा प्रस्तुत विनियोजन विधेयक, २०८० अन्तर्गत **"खानेपानी मन्त्रालय शीर्षकको खर्च रकमलाई घटाई एक रुपैयाँ कायम गरियोस्"** भनी राखु भएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन चाहेमा समय उपलब्ध गराउनुहुँदा माननीय सदस्यले उक्त प्रस्ताव फिर्ता लिनुभएन। उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा सभाबाट बहुमतले अस्वीकृत भयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **माननीय डा. विमला राई पौड्याल**द्वारा प्रस्तुत विनियोजन विधेयक, २०८० अन्तर्गत **"अर्थ मन्त्रालय र रक्षा मन्त्रालय शीर्षकको खर्च रकमलाई घटाई एक रुपैयाँ कायम**

**गरियोस्"** भनी राख्नु भएको खर्च कटौतीका प्रस्तावहरू फिर्ता लिन चाहेमा समय उपलब्ध गराउनुहुँदा माननीय सदस्य अनुपस्थित हुनुभयो। उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा सभाबाट बहुमतले अस्वीकृत भयो।

तत्पश्चात, सम्माननीय अध्यक्षले **माननीय दिपा गुरुङ**द्वारा प्रस्तुत विनियोजन विधेयक, २०८० अन्तर्गत **"श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालय शीर्षकको खर्च रकमलाई घटाई एक रुपैयाँ कायम गरियोस्"** भनी राख्नु भएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन चाहेमा समय उपलब्ध गराउनुहुँदा माननीय सदस्यले उक्त प्रस्ताव फिर्ता लिनुभएन। उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा सभाबाट बहुमतले अस्वीकृत भयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले **माननीय इन्दु कडरिया**द्वारा प्रस्तुत विनियोजन विधेयक, २०८० अन्तर्गत **"शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय शीर्षकको खर्च रकमलाई घटाई एक रुपैयाँ कायम गरियोस्"** भनी राख्नु भएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन चाहेमा समय उपलब्ध गराउनुहुँदा माननीय सदस्यले उक्त प्रस्ताव फिर्ता लिनुभएन। उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा सभाबाट बहुमतले अस्वीकृत भयो।

तत्पश्चात, सम्माननीय अध्यक्षले **माननीय कुमार दसौदी**द्वारा प्रस्तुत विनियोजन विधेयक, २०८० अन्तर्गत **"कृषि तथा पशुपन्छी मन्त्रालय शीर्षकको खर्च रकमलाई घटाई एक रुपैयाँ कायम गरियोस्"** भनी राख्नु भएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन चाहेमा समय उपलब्ध गराउनुहुँदा माननीय सदस्यले उक्त प्रस्ताव फिर्ता लिनुभएन। उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा सभाबाट बहुमतले अस्वीकृत भयो।

त्यसपछि, सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "विनियोजन विधेयक, २०८०" को **दफा २ देखि १० सम्म** र सोसँग सम्बन्धित **अनुसूची १ र २ "विनियोजन विधेयक, २०८० को अङ्ग बनोस्"** भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले स्वीकृत भयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले देहायबमोजिमको प्रस्तावना र नाम पढेर सुनाउनुभयोः

"**<u>प्रस्तावनाः</u>** आर्थिक वर्ष २०८०/८१ को सेवा र कार्यको लागि सङ्घीय सञ्चित कोषबाट व्यय हुने रकम विनियोजन गर्ने र खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले, संघीय संसदले यो ऐन बनाएको छ ।

**<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम **"विनियोजन ऐन, २०८०"** रहेको छ ।

(२) यो ऐन सम्वत् २०८० साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ ।"

उक्त प्रस्तावना र नामलाई निर्णयार्थ प्रस्तुत गर्दा सभाबाट बहुमतले स्वीकृत भयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **माननीय अर्थमन्त्री डा. प्रकाशशरण महत**लाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त **"विनियोजन विधेयक, २०८० लाई पारित गरियोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त प्रस्तावलाई सभामा प्रस्तुत गर्नुभयो। उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा सभाबाट बहुमतले स्वीकृत भयो।

तदनन्तर, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक **१३ मिनेटपछि** बस्ने गरी बैठक स्थगित भएको घोषणा गर्नुभयो।

(डा. भरतराज गौतम)

संघीय संसदको महासचिव